# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बड्डाँडा,प्युठान
## लुम्बिनी प्रदेश, नेपाल

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा प्युठान लुम्बिनी प्रदेश,नेपाल २०७३

प.सः २०८०।०८१
च.न.

मितिः २०८०।१०।२४

**बिषयः वित्तिय शुसासन जोखिम मूल्याङ्कनको नतिजा सार्वजनिक गरिएको सूचना।**

प्रस्तुत विषयमा स्थानीय तह बित्तिय शुसासन जोखिम मूल्यांकन कार्यविधि, २०७७ बमोजिम यस सरुमारानी गाउँकार्यपालिकाको निर्णय अनुसार गाउँपालिकाको आ.ब.२०७९।०८० को बित्तिय शुसासन जोखिम मूल्यांकनको नतिजा यस कार्यालयको सूचना पाटी र website मार्फत सार्वजनिक गरिएको ब्यहोरा अनुरोध छ ।

२०८०।१०।२५
देविराम पाठक
प्रमुख प्रशासकीय अ

**वित्तिय शुसासन जोखिम मूल्याङ्कनको नतिजाः**

| सूचक नं. | सूचकहरु | पूर्णाङ्क | प्राप्तांक | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | योजना बजेट तथा कार्यक्रमको ब्यवस्थापन | २१ | १९ | ९०.४८ | |
| क | प्रकृया सूचक | १५ | १३ | ८६.६७ | |
| ख | नतिजा सूचक | २ | २ | १०० | |
| ग | बित्तिय सूशासनका शूचक | ४ | ४ | १०० | |
| २ | कार्यान्वयन क्षमता तथा ब्यबस्थापन | २९ | २२ | ७५.८६ | |
| क | प्रकृया सूचक | १४ | १२ | ८५.७१ | |
| ख | नतिजा सूचक | २ | २ | १०० | |
| ग | बित्तिय सूशासनका शूचक | ८ | ८ | १०० | |
| ३ | लेखाङ्कन तथा प्रतिबेदन | १७ | १४ | ८२.३५ | |
| क | प्रकृया सूचक | १० | ८ | ८० | |
| ख | नतिजा सूचक | २ | २ | १०० | |
| ग | बित्तिय सूशासनका शूचक | ५ | ४ | ८० | |
| ४ | अनुगमन मूल्यांकन तथा लेखापरीक्षण | १६ | ११.५ | ७१.८८ | |
| क | प्रकृया सूचक | ५ | ४ | ८० | |
| ख | नतिजा सूचक | ३ | २ | ६६.६७ | |
| ग | बित्तिय सूशासनका शूचक | ८ | ५५ | ६८७.५ | |
| ५ | राजश्व ब्यबस्थापन | १७ | १२ | ७०.५९ | |
| क | प्रकृया सूचक | ९ | ८.५ | ९४.४४ | |
| ख | नतिजा सूचक | २ | २ | १०० | |
| ग | बित्तिय सूशासनका शूचक | ६ | १.५ | २५ | |
| | जम्मा | १०० | ७८.५ | ७८.५ | |

अनुसूची-२

दफा ३ को उपदफा (२) सँग सम्बन्धित

वित्तिय शुसासन जोखिम मूल्याङ्कनका सूचकहरू र मूल्याङ्कन तालिका

| क्र.सं. | विवरण | अङ्क भार | | |
|---|---|---|---|---|
| | | | प्राप्ताङ्क | |
| | सूचकहरू | पूर्णाङ्क | छ (१) | छैन (२) |
| ३.१ | योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन (Planning, Budgeting and programme Management) | २१ | १९ | |
| | क) प्रक्रियाको व्यवस्थापन (Process Management) | १५ | १३ | |
| १ | मध्यमकालिन खर्च संरचना सहित विनियोजन ऐन, आर्थिक ऐन र वार्षिक बजेट तथा कार्यक्रमलाई असार १० गतेभित्र सभामा पेश गरी सभाबाट असार मसान्तसम्ममा पारित गरिएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१) | १ | १ | |
| २ | एकीकृत/आवधिक विकास योजना तर्जुमा गर्दा (१) भौगोलिक सूचना प्रणाली (Geographical Information System) मा आधारित रही स्थानगत आधार (Spatial Based)मा तयार भएको । (२) यो आयोजनामा स्रोत नक्सा सहित भू-उपयोग योजना, यातायात गुरुयोजना, वातावरण व्यवस्थापन योजना, स्थानीय पूर्वाधार विकास योजना, स्थानीय आर्थिक विकास योजना र सामाजिक विकास योजना समेत समावेश गरी सभाबाट स्वीकृत गरिएको । (अङ्क ०.५+०.५=१) | १ | १ | ० |
| ३ | एकीकृत आवधिक विकास योजना तर्जुमा गर्दा सो योजना कार्यान्वयनका लागि योजना अवधिभरका निमित्त आवश्यक स्रोत र साधनको अनुमान सहित परियोजनाको सूची तयार गरिएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (४) | १ | १ | |
| ४ | स्थानीय तहको क्षेत्रमा कार्यरत गैरसरकारी संस्था र सामुदायिक संघसंस्थाले आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेट समावेश गरेर मात्र कार्यान्वयनमा ल्याउने गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ (२) (ख)) | १ | ० | ० |

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वड्डाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| क्र.सं. | विवरण<br>सूचकहरू | अङ्क भार | | |
|---|---|---|---|---|
| | | पूर्णाङ्क | प्राप्ताङ्क | |
| | | | छ (१) | छैन (२) |
| ५ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले फागुन महिनाभित्र आगामी वर्षका लागि स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गरी सो सीमाअनुसार सभाबाट बजेट तथा कार्यक्रम पारित भएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (३) (ग)) | १ | १ | |
| ६ | आगामी आ.व. को बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत बजेट प्रक्षेपण गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (३) र (६)) | १ | १ | ० |
| ७ | (१) वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमाका लागि स्रोत अनुसमान तथा बजेट सीमा निर्धारण समिति गठन भई सो समितिले आगामी आ.व. का लागि विषयगत क्षेत्रको बजेट सीमा निर्धारण गरेको र सोही सीमा भित्र रही विषयगत क्षेत्रको बजेट तथा कार्यक्रम तर्जुमा गरेको । (२) आगामी वर्षको बजेट सीमालाई चालु आ.व. को वैशाख १५ गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई उपलब्ध गराएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६)(अङ्क ०.५+०.५=१) | १ | १ | |
| ८ | जुनसुकै स्रोतबाट प्राप्त भएको चल अचल सम्पत्तीको (१) जिन्सी आम्दानी बाँधी लगत राखेको। (२) प्रयोग गर्नेको भर्पाई सहितको सहायक खाता रहेको ) (अङ्क ०.५+०.५=१) | १ | १ | |
| ९ | बजेट तथा कार्यक्रम तर्जुमा गर्दा संघ र प्रदेशबाट प्राप्त मार्गदर्शनको पालना भएको । | १ | ० | ० |
| १० | वार्षिक बजेट तथा कर्यक्रमको तर्जुमाका लागि (१) स्थानीय तहको उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन भई सो समितिको बैठक बस्ने गरेको । (२) समितिले निर्धारण गरेको बजेट सीमाभित्र रही स्थानीय योजना तथा कार्यक्रमलाई प्राथमिकीकरण गरी बजेट विनयोजन गर्ने गरिएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७) (अङ्क ०.५+०.५=१) | १ | १ | |

सम्मारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| क्र.सं. | विवरण | अङ्क भार | | |
|---|---|---|---|---|
| | सूचकहरू | पूर्णाङ्क | प्राप्ताङ्क छ (१) | छैन (२) |
| ११ | वैदेशिक सहायतामा सञ्चालित कार्यक्रमहरू नेपाल सरकारको स्वीकृति लिएर मात्र सञ्चालन गरिएको ।(स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२-४ ) | १ | १ | |
| १२ | स्थानीय तहले आन्तरिक ऋण लिनुअघि (१) नेपाल सरकारको सहमति लिई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको बजेट सीमाभित्र लिने गरिएको । (२) स्थनीय तहको ऋण दायित्वको अद्यावधिक अभिलेख राखिएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४-३ र १६-१) (अङ्क ०.५+०.५=१) | १ | १ | |
| १३ | आगामी आर्थिक वर्षको लागि आय-व्ययको प्रक्षेपण गरी यस सम्बन्धी प्रतिवेदनलाई प्रत्येक वर्षको पौष मसान्तभित्र संघीय मन्त्रालयमा पेश गरेको । (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा १८) | १ | १ | |
| १४ | संचित कोषको व्यवस्थापनका लागि एकल खाताको प्रयोग हुने गरेको | १ | १ | |
| १५ | स्थानीय तहमा रहेका भिविभिन्न कोषहरूको व्यवस्था तथा सञ्चालन गर्दा कानून बनाएर मात्र गर्ने गरिएको । | १ | १ | |
| (ख) नतिजा व्यवस्थापन **Management of Results**) | | २ | २ | |
| १६ | स्वीकृत आवधिक/एकिकृत योजनाको परियोजना सूचीमा उल्लिखित परियोजनालाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको ।स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमूना) को दफा १ (५)) | १ | १ | ० |
| १७ | आफूले उठाएको राजश्व र राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम सहितको कुल राजश्व रकमबाट आफ्नो सम्पूर्ण प्रशासनिक खर्च पूरा गरी बाँकी रकम विकास निर्माण कार्यमा उपयोग गरेको (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा २१ (४)) | १ | १ | |
| (ग) वित्तीय अनुशासनका उपायहरू (**Fiscal Dicipline Measures**) | | ४ | ४ | |
| १८ | राजश्व परिचालन र खर्च गर्दा सभाबाट पारित आर्थिक ऐन, विनियोजन ऐन तथा वार्षिक बजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्ने गरेको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१) | १ | १ | |

| क.सं. | विवरण | अङ्क भार | | |
|---|---|---|---|---|
| | सूचकहरू | पूर्णाङ्क | प्राप्ताङ्क | |
| | | | छ (१) | छैन (२) |
| १९ | चालु आ.व. को बजेट तथा कार्यक्रममा महामारी तथा विपद् व्यवस्थापनका लागि बाहेक अन्य कार्यक्रमको हकमा आयोजनागत रुपमा बजेट बाँडफाँट गरिएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) र ६६ (८)) | १ | १ | |
| २० | गत आ.व. मा वित्तीय समानीकरण अनुदानको रकम प्रशासनिक खर्चमा उपयोग नभएको । (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा २१-४) | १ | १ | |
| २१ | गत आ.व. को बजेटमा पुँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगरिएको । (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा २९) | १ | १ | |
| ३.२ कार्यान्वयन क्षमता तथा व्यवस्थापन (Impolementation Capacity and Management) | | २९ | २२ | |
| क) प्रक्रियाको व्यवस्थापन (Process Management) | | १४ | १२ | |
| २२ | कार्यपालिकाको बैठक कम्तीमा महिनाको एकपटक बस्ने गरेको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७) | १ | १ | |
| २३ | स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको र विपद् व्यवस्थापन कोषको स्थापना र परिचालन कानून अनुसार भएको। (विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७, स्थानीय सरकार सञ्चालन ऐनको दाफा ११ (२) ) | १ | १ | |
| २४ | गत आ.व. मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भई खर्च हुन नसकेको सःसर्त अनुदानको रकम सोही आ.व. मा सम्बन्धित सरकारलाई फिर्ता गरेको । | १ | १ | |
| २५ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही आफ्नो सभाबाट स्वीकृत गराई उत्पादनशील रोजगारमूलक, आन्तरिक आय बृद्धि तथा पूँजीगत कार्यका लागि मात्र आन्तरिक ऋण परिचालन गरिएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ (१) ) | १ | १ | |

देविराम पाठक
प्रशासकीय अधिकृत

| क्र.सं. | विवरण | अङ्क भार | | |
|---|---|---|---|---|
| | | | प्रासाङ्क | |
| | सूचकहरू | पूर्णाङ्क | छ (१) | छैन (२) |
| २६ | चालु आ.व. को बजेट सभाबाट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (१) ) | १ | १ | |
| २७ | सार्वजनिक खरिद ऐनको परिधिभित्र रही सार्वजनिक खरिदसम्बन्धी नियमावली तयार गरी सभाबाट पारित गरिएको र यसलाई कार्यान्वयनमा ल्याईएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ (२) | १ | ० | ० |
| २८ | (१) पूर्वाधारका योजनाहरू कार्यान्वयन गर्ने नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको सभिल इन्जिनियरको व्यवस्था गरेको। (२) नक्सा पास तथा सहरी विकासका लागि नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको आर्किटेक इन्जिनियरको व्यवस्था गरी लागत अनुमान, सुपरीवेक्षण र प्राविधिक जाँचपास तथा नक्सा पासको काम गर्ने गरिएको । (अङ्क ०.५+०.५=१) | १ | १ | |
| २९ | कार्यालयमा रिक्त रहेका स्थायी कर्मचारीको पूर्तिका लागि नियमितरुपमा प्रदेश लोकसेवा आयोगमा माग आपूर्ति फाराम भरी पठाईएको । | १ | १ | |
| ३० | (१) उपभोक्ता समिति गठन गर्दा परियोजना स्थलमा नै टोल विकास संस्था मार्फत आम भेला गराई परियोजना क्षेत्रका लाभग्राही जनताबाट नै उपभोक्ता समिति गठन हुने गरेको । (२) उपभोक्ता समितिलाई परियोजना सञ्चालन बारेमा अभिमुखीकरण गर्ने गरिएको । (अङ्क ०.५+०.५=१) | १ | १ | |
| ३१ | बोलपत्रको माध्यमबाट सार्वजनिक खरिद गर्दा इच्छुक बोलपत्र दाताहरूलाई बोलाई पूव बोलपत्र (Pre-bid) बैठक गर्ने गरिएको। (सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५२) | १ | ० | ० |
| ३२ | प्रत्येक आर्थिक वर्ष सुरू हुन भन्दा पन्ध्र दिन अगावै आफ्नो क्षेत्रभित्रका निर्माण कार्य तथा अन्य सेवा प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्ने गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३) | १ | १ | |

| क्र.सं. | विवरण | अङ्क भार | | |
|---|---|---|---|---|
| | | | प्राप्ताङ्क | |
| | सूचकहरू | पूर्णाङ्क | छ (१) | छैन (२) |
| ३३ | समपूरक अनुदानबाट सञ्चालन हुने आयोजनहरूमा यस सम्बन्धी कार्यविधिले निर्धारण गरेअनुसार लागत साझेदारीको लागि बजेट विनियोजन गरिएको। | १ | १ | |
| ३४ | २० हजार रुपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको व्यक्ति, संस्था, फर्म वा कम्पनीबाट मात्र खरिद गर्ने गरिएको । | १ | १ | |
| ३५ | सार्वजनिक खरिदका लागि खरिद ऐन तथा नियमावली बमोजिम खरिद एकाइ तथा मूल्याङ्कन समिति गठन भई सो समिति क्रियाशील भएको । | १ | १ | |
| (ख) नतिजा व्यवस्थापन Management of Results) | | ४ | २ | |
| ३६ | गत आ.व. मा नेपाल सरकार तथा प्रदेश सरकाबाट प्राप्त विशेष अनुदान र समपुरक अनुदानको रकम शतप्रतिशत खर्च भएको । | १ | १ | |
| ३७ | गत आ.व. मा कुल पूँजीगत बजेटको कम्तीमा ८० प्रतिशतभन्दा बढी वित्तीय प्रगति भएको । | १ | १ | |
| ३८ | सडक यातायात गुरुयोजनाले तोकेको वार्षिक लक्ष्यको ८० प्रतिशतभन्दा बढी सडक निर्माण भएको । | १ | ० | ० |
| ३९ | स्थानीय तह संस्थागत मूल्याङ्कनमा ९० प्रतिशतभन्दा बढी अंक प्राप्त गरेको । | १ | ० | ० |
| (ग) वित्तीय अनुशासनका उपायहरू (Fiscal Dicipline Measures) | | ११ | ८ | |
| ४० | (१) गत आ.व.मा बहुवर्षिय योजना वा आयोजनाका लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा स्वीकृत खरिद गुरुयोजना अनुसार मात्र खरिद भएको, (२) वार्षिक १० लाख रूपैयाँभन्दा बढी रकमको खरिद गर्दा स्वीकृत वार्षिक खरिद योजना अनुसार मात्र खरिद भएको । (सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ७) | १ | १ | |
| ४१ | गत आ.व. मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त सःसर्त अनुदान जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च भएको । (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२)) | १ | १ | |

देविराम पाठक
प्रशासकीय अधिकृत

| क्र.सं. | विवरण | अङ्क भार | | |
|---|---|---|---|---|
| | | | प्राप्ताङ्क | |
| | सूचकहरू | पूर्णाङ्क | छ (१) | छैन (२) |
| ४२ | (१) उपभोक्ता समितिले जिम्मा लिएको कार्यहरू उपभोक्ता समितिले ठेकेदारलाई ठेक्कामा दिने नगरेको । (२) उपभोक्ता समितबाट हुने कार्यमा स्थानीय उपभोक्ताहरूले परियोजना लागतको सभाबाट तोकिए बमोजिमको न्यूनतम लागत सहभागिता जुटाएको । (सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) र ९७ (१०)) (अङ्क ०.५+०.५=१) | १ | १ | |
| ४३ | सभाबाट सुशासन, विधायन र लेखा समिति गठन भएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२) | १ | १ | |
| ४४ | निर्वाचित पदाधिकारीलाई प्रदेश कानून बमोजिम मात्र सुविधा दिएको । (नेपालको संविधान धारा २२७) | १ | १ | |
| ४५ | निर्वाचित पदाधिकारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा रहेको सम्पत्तिको विवरण सम्बन्धित स्थानीय तहमा पेस गरी प्रदेशमा पठाएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११०) | १ | १ | |
| ४६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दिएका सुझाव कार्यान्वयन भएको । (अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८) | १ | ० | ० |
| ४७ | पाँच लाख सम्मका आयोजनाहरूमा विनियोजित बजेटको हिस्सा कुल पूँजीगत बजेटको ३० प्रतिशतभन्दा बढी नरहेको। | १ | १ | |
| ४८ | गैर सरकारी संस्था (गैसस) मार्फत योजना कार्यान्वयन गरेको अवस्थामा गैससको नगद लागत साझेदारी ३० प्रतिशतभन्दा बढी रहेको । | १ | ० | ० |
| ४९ | सञ्चालन गरिएका योजनाहरू सम्पन्न भएपछि प्रविधिक जाँचपास गरी कार्यापालिकाको बैठकाबाट यस्ता योजनाको फरफारकसमेत गर्ने गरिएको । | १ | ० | ० |
| ५० | ठेक्कापट्टामा e-bidding प्राणाली पूर्णरुपमा कार्यान्वयनमा ल्याइएको। | १ | १ | |
| ३.३ लेखाङ्कन तथा प्रतिवेदन (Accounting and Reporting) | | १७ | १४ | |
| क) प्रक्रियाको वव्यवस्थापन (Process Management) | | १० | ८ | |

| क्र.सं. | विवरण | अङ्क भार | | |
|---|---|---|---|---|
| | सूचकहरू | पूर्णाङ्क | प्राप्ताङ्क | |
| | | | छ (१) | छैन (२) |
| ५१ | नेपाल सरकारबाट स्वीकृत भए अनुसार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली सूत्र (SUTRA) प्रयोगमा ल्याएको। (अन्तर-सरकार वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ३१) | १ | १ | |
| ५२ | धरौटीको कच्चावारी राखेको र गत वर्षको मौज्दात चालु वर्षमा जिम्मेवारी सारेको । | १ | १ | |
| ५३ | नेपाल सरकारबाट स्वीकृत सार्वजनिक सम्पत्ती व्यवस्थपन प्रणाली (PAMS) कार्यान्वयनमा ल्याएको । | १ | १ | |
| ५४ | गत आ.व. भन्दा अघिल्लो आ.व. को आय-व्यय र बजेट कार्यान्वयनको बारेमा गत आ.व. को पहिलो चौमासिक अवधि भित्र वार्षिक समीक्षा गरी समीक्षा प्रतिवेदनलाई कार्यतिक मसान्त भित्र वेवसाइटबाट सार्वजनिक गरिएको ।(अन्तर-सरकार वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ३० (३)) | १ | १ | |
| ५५ | सशर्त, समपूरक र विशेष अनुदानको खर्च र उपलब्धिको प्रगति प्रतिवेदन नियमित रुपमा संघ र प्रदेशका सम्बन्धित निकायमा पठाउने गरेको । | १ | १ | |
| ५६ | स्थानीय सञ्चित कोषको चौमासिक शीर्षकगत विवरण महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा तयार गरी चौमासिक अवधि सकिएको १५ दिनभित्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, संघीय अर्थ मन्त्रालय र प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयमा उपलब्ध गराएको । (अन्तर-सरकार वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ३२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (५)) | १ | ० | ० |
| ५७ | प्रमुख प्रशासकीय अधिकृतले स्थानीय तहको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति विवरण त्यस्तो अवधि समाप्त भएको १५ दिनभित्र कार्यपालिकाको बैठकमा पेस गर्ने गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (३)) | १ | ० | |
| ५८ | आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(४)) | १ | १ | |

| क.सं. | विवरण<br>सूचकहरू | अङ्क भार | | |
|---|---|---|---|---|
| | | पूर्णाङ्क | प्राप्ताङ्क<br>छ (१) | छैन (२) |
| ५९ | धरौटी खाताको रकम अन्य प्रयोजनमा खर्च नभएको र फिर्ता गर्नु पर्ने धरौटी खाताको रकम नियमानुसार फिर्ता गरिएको । | १ | १ | |
| ६० | दैनिक भ्रमण भत्ताको अभिलेख (भ्रमण खाता) राख्ने गरिएको र भ्रमण प्रतिवेदन बिना दैनिक भ्रमण भत्ताको भुक्तानी वा यसको पेश्की फछ्यौंट नगरेको । | १ | १ | |
| (ख) नतिजा व्यवस्थापन Management of Results) | | २ | २ | |
| ६१ | राजश्व बाँडफाँटका लागि स्थानीय विभाज्य कोष खडा गरेको। (अन्तर-सरकार वित्तीय व्यवस्थापन ऐन को दफा ६) | १ | १ | |
| ६२ | कुल लाभग्राहीको सामाजिक सुरक्षा भत्ता बैंकमार्फत भुक्तानी भई भुक्तानी पाउने व्यक्तिको विवरण वेबसाइटबाट सार्वजनिक गरेको। | १ | १ | |
| (ग) वित्तीय अनुशासनका उपायहरू (Fiscal Dicipline Measures) | | ५ | ४ | |
| ६३ | कार्यापालिकाले रकमान्तर गर्दा स्वीकृत वार्षिक बजेटको अधीननमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई गरेको । (स्थानीय सरकार सञ्चालन ऐनको दफा ७९ (३)) | १ | १ | |
| ६४ | गत आ.व. को अन्त्यमा म्याद नाघेको पेस्की नरहेको । | १ | १ | |
| ६५ | राजनीतिक दल वा तिनका भातृ वा भगिनी संगठनलाई आर्थिक सहायता वा अनुदान प्रदान नगरिएको । | १ | ० | ० |
| ६६ | एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम स्थानीय सहञ्चित कोषमा जम्मा भएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५) | १ | १ | |
| ६७ | स्थानीय तहले गर्ने भुक्तानी बैंकिङ्ग प्रणालीबाट (नगद रहित भुक्तानी) भएको । | १ | १ | ० |
| ३.४ अनुगमन, मूल्याङ्कन तथा लेखारीक्षण (Monitoring, Evaluation and Auditing) | | १६ | ११.५ | |
| क) प्रक्रियाको व्यवस्थापन (Process Management) | | ५ | ४ | |

| क्र.सं. | विवरण<br>सूचकहरू | अङ्क भार<br>पूर्णाङ्क | प्राप्ताङ्क<br>छ (१) | छैन (२) |
|---|---|---|---|---|
| ६८ | (१) गत आ.व. मा अन्तिम लेखापरीक्षणको प्रतिवेदन सो प्राप्त भएको मितिले १५ दिनभित्र आफ्नो वेबसाइटबाट सार्वजनिक गरेको । (२) महालेखा परीक्षकले जारी गरेको प्रतिवेदन सभामा पेस गरी छलफल हुने गरेको । (अन्तर-सरकार वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ३०)(अङ्क ०.५+०.५=१) | १ | १ | |
| ६९ | (१) आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियतलाई अन्तिम लेखापरीक्षण हुनु अगावै सम्परीक्षण गरेको (२) आन्तरिक लेखापरीक्षणको प्रतिवेदनको एक प्रति अन्तिम लेखापरीक्षणका लागि खटिने डोर वा महालेखा परीक्षकले तोकेको व्यक्ति वा नियकालाई उपलब्ध गराएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७)(अङ्क ०.५+०.५=१) | १ | १ | |
| ७० | उपप्रमुख वा उपाध्यक्षले योजना तथा कार्यक्रमको सुपरीवेक्षण गरी सोको प्रतिवेदन मासिक रुपमा कार्यापालिकाको बैठकमा पेश गर्ने गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६) | १ | ० | ० |
| ७१ | वडाभित्र सञ्चालित योजनाको अनुगमन गरी पृष्ठपोषण दिन वडास्तरीय अनुगमन समिति वठन गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६) | १ | १ | |
| ७२ | कार्यालयमा सबैले देख्ने स्थानमा नागरिक बडापत्र राखिएको। (सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २५) | १ | १ | |
| (ख) नतिजा व्यवस्थापन Management of Results) | | ३ | २ | |
| ७३ | गत आर्थिक वर्षमा सो भन्दा अघिल्लो आ.व. को अन्तिम लेखापरीक्षण गर्दा आर्थिक कारोबारमा कुल खर्चको २ प्रतिशतभन्दा कम बेरुजु रहेको । | १ | १ | |
| ७४ | वर्षमा कम्तीमा एकपटक कार्यालयको सम्पत्तीको अभिलेख तथा जिन्सी मालसामानको अवस्थाबारे जिन्सी निरीक्षण प्रतिवेदन लिई सम्पत्तिको संरक्षणको व्यवस्था गरिएको । (आर्थिका कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५५ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९) | १ | १ | |

सम्मारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| क्र.सं. | विवरण | अङ्क भार | | |
|---|---|---|---|---|
| | | | प्रासाङ्क | |
| | सूचकहरू | पूर्णाङ्क | छ (१) | छैन (२) |
| ७५ | सार्वजनिक सम्पत्ती, सामुदायिक सम्पत्ती, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख राखी सभालाई समेत जानकारी गराएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११-२ (ड) (४)) | १ | ० | ० |
| (ग) वित्तीय अनुशासनका उपायहरू (Fiscal Dicipline Measures) | | ८ | ५.५ | |
| ७६ | स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन योजना, कायक्रम, आयोजनाको कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा पारेको समग्र योगदानबाट आफ्नो सामाजिक जिम्मेवारी पूरा भए नभएको सन्दर्भमा लेखाजोखा गर्न सरोकारवाला समेतलाई भेला गराई सामाजिक परीक्षण गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५)) | १ | ० | ० |
| ७७ | प्रत्येक चौमासिकमा कम्तिमा १ (एक) पटक आफूले गरेको कामको सम्बन्धमा सार्वजनिक सुनुवाई गर्ने गरिएको । (सुशासन नियमावलीको नियम १९) | १ | १ | |
| ७८ | कार्यालयबाट भएको काम कारबाहीको विषयमा सर्वसाधारणलाई जानकारी दिन कुनै अधिकृतलाई प्रवक्ता तोकी निजमार्फत काम्तीमा महिनाको एक पटक भए गरेको कामकारबाहीको विषयमा सार्वजनिक रुपमा जानकारी दिएको । (सुशासन नियमावलीको नियम ३५) | १ | १ | |
| ७९ | आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य सम्पदान र वित्तीय प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण सम्बन्धी कानून पारित गरी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनमा ल्याइएको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (१)) | १ | ० | ० |

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

| क.सं. | विवरण<br>सूचकहरू | अङ्क भार<br>पूर्णाङ्क | प्राप्ताङ्क<br>छ (१) | छैन (२) |
|---|---|---|---|---|
| ८० | (१) स्थानीय तहले पदाधिकारी तथा कर्मचारीका लागि आचारसंहिता बनाई लागू गरेको । (२) निर्णय गर्न पाउने पदाधिकारी आफ्नो स्वार्थ बाझिएका विषयसम्बन्धी निर्णयमा सहभागी नभएको । (सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १८) (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११२) (अङ्क ०.५+०.५=१) | १ | ०.५ | |
| ८१ | गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरीक्षण गर्दा असुल उपर गर्नुपर्ने कुनै बेरुजु नभएको । | १ | १ | |
| ८२ | योजनाको अन्तिममा भुक्तानी दिंदा योजना स्थलमा टोल विकास संस्थाको सहभमागितामा योजनाको लाभग्राही भेला गरी आय-व्यय, प्रतगि, प्रक्रिया र योजनाको गुणस्तरको बारेमा सार्वजनिक परीक्षण गरेर मात्र भुक्तानी दिने गरिएको । | १ | १ | |
| ८३ | बेरूजुको अद्यावधिक लगत तयार गरेको र फछ्र्यौटका लागि सम्बन्धित निकायमा पत्राचार गरेको । | १ | १ | |
| ३.५ राजश्व व्यवस्थान (Revenue Management) | | १७ | १२ | |
| क) प्रक्रियाको वव्यवस्थापन (Process Management) | | ९ | ८.५ | |
| ८४ | आगामी आर्थिक वर्षका लागि आय-व्यय प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण संघीय अर्थ मन्त्रालयमा पठाएको । (अन्तर-सरकार वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा १८-१) | १ | १ | |
| ८५ | आफ्नो क्षेत्राधिकार भित्र रही सभाबाट पारित आर्थिक ऐन अनुसार मात्र राजश्वका दर रेट निर्धारण र राजश्वको व्यवस्थापन गरेको। (नेपालको संविधानको धारा २२८) (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४) | १ | १ | |
| ८६ | आफ्नो अधिकार क्षेत्रभित्र रहेका आन्तरिक स्रोतको दर र दायरा बढाउन राजश्व परामर्श समितिले आन्तरिक कार्यदल गठन गरेको र प्रमुख करहरूको नक्साङ्कन समेत गरी राजश्व प्रक्षेपण गरेको । | १ | १ | |

| क्र.सं. | विवरण | अङ्क भार | | |
|---|---|---|---|---|
| | | | प्राप्ताङ्क | |
| | सूचकहरू | पूर्णाङ्क | छ (१) | छैन (२) |
| ८७ | गत आर्थिक वर्षमा घर जग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर, तथा विज्ञापन करबाट उठेको रकममध्ये तोकिए बमोजिमको रकम प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गरेको । (अन्तर-सरकार वित्तीय व्यवस्थापन ऐन, २०७४ को प्रावधान) | १ | १ | |
| ८८ | स्थानीय कानून बमोजिम मात्र आकस्मिक कोष सञ्चालनमा ल्याएको। (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७०) | १ | १ | |
| ८९ | सूचना प्रविधिको प्रयोग गरी सम्पत्ती कर, व्यवसाय कर, मालपोत, मनोरञ्जन कर, विज्ञापन कर र बहाल करको नक्साङ्कन गरी यसलाई सूचना प्रविधिबाट अभिलेख राखिएको । | १ | १ | |
| ९० | करदाताहरूलाई कर सम्बन्धी सूचना वा फारामहरू निःशुल्क रुपमा उपलब्ध गराइएको । | १ | १ | |
| ९१ | कर, दस्तुर, सेवा शुल्कको दर रेट तथा यस सम्बन्धी प्रक्रियाहरूको अद्यावधिक विवरण करदाताले सजिलै देख्न र बुझ्न सक्ने गरी कर | १ | १ | |
| ९२ | (सबै वडाबाट कर संकलन गर्ने गरिएको ।(२) सबै वडामा नक्सा पास प्रणाली कार्यान्वयनमा ल्याएको । (अङ्क ०.५+०.५=१) | १ | ०.५ | |
| (ख) नतिजा व्यवस्थापन **Management of Results**) | | २ | २ | |
| ९३ | (१) गत आर्थिक वर्षमा सोभन्दा अघिल्लो आ.व. को तुलनामा कम्तीमा १० प्रतिशतले आन्तरिक आय (आफूले उठाएको रकम) वृद्धि भएको । (२) करदातको संख्या समेत हरेक वर्षमा कम्तीमा १० प्रतिशतले वृद्धि भएको । (अङ्क ०.५+०.५=१) | १ | १ | |
| ९४ | (१) गत आ.व. मा राजश्व परामर्श समितिले गरेको राजश्व अनुमानको ९० प्रतिशतभन्दा बढी राजश्व संकलन भएको । (२) कुल बजेटमा आन्तरिक आयको हिस्सा २० प्रतिशतभन्दा बढी रहेको। (अङ्क ०.५+०.५=१) | १ | १ | |
| (ग) वित्तीय अनुशासनका उपायहरू (**Fiscal Dicipline Measures**) | | ६ | १.५ | |
| ९५ | संकलन गरेको राजश्व अर्को दिन भित्र बैंकमा जम्मा हुने गरेको। (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा २७ र स्थानीय | १ | १ | |

| क्र.सं. | विवरण<br>सूचकहरू | अङ्क भार<br>पूर्णाङ्क | प्राप्ताङ्क<br>छ (१) | छैन (२) |
|---|---|---|---|---|
| ९६ | नदिजन्य पदार्थ र साधारण निर्वाहमुखी खनिज पदार्थको ठेक्कापट्टा लगाउँदा घाटगद्दी गरेर मात्र उक्त पदार्थको बिक्री वा निकासी हुने गरेको । | १ | ० | ० |
| ९७ | (१) गत आर्थिक वर्षमा कुनै पनि राजश्व मिनाहा नदिएको । (२) सम्झौता बमोजिमको समयमा आय ठेक्काको रकम दाखिला भएको । (अङ्क ०.५+०.५=१) | १ | ०.५ | |
| ९८ | (१) सामुदायिक वन उपभोक्ता समितले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई स्थानीय तहबाट स्वकृत गराएको । (२) सामुदायिक वनले वन पैदावरको बिक्रीबापत प्राप्त रकमको १० प्रतिशत रकम स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्ने गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख))(अङ्क ०.५+०.५=१) | १ | ० | |
| ९९ | (१) आय ठेक्कामा बैंक ग्यारेन्टी लिएर मात्र सम्झौता भएको । (२) समयमा ठेक्का रकम दाखिला नगर्ने ठेकेदारलाई कारवाही गरी बैंक ग्यारेन्टीको रकम खिचेर रकम असुल उपर गर्ने गरिएको । (अङ्क ०.५+०.५=१) | १ | ० | ० |
| १०० | गत विगतमा उठाउन बाँकी कुनै बक्यौता राजश्व नरहेको । | १ | ० | |
| जम्मा | | १०० | ७८.५० | ० |

देविरा... ...क
प्रमुख प्रशा... अधिकृत